प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय प्रदेश नं. २

## जनकपुरधाम, धनुषा

**शैक्षिक सत्र २०७६/०७७ मा डिप्लोमा तथा प्रमाणपत्र तहको बिभिन्न कार्यक्रममा वर्गीकृत (निःशुल्क) छात्रबृत्तिमा मुख्य परीक्षार्थी (Main Candidates) भर्ना हून नगई रिक्त रहन आएको सिटमा बैकल्पिक/उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट योग्यता क्रम अनुसार भर्नाको लागि सिफारिश सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**प्रकाशित मिति २०७६।०६।०७**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७६।४।१८ गते संचालन भएको डिप्लोमा/प्रमाण पत्र तहका वर्गिकृत (निःशुल्क)छात्रबृत्तिको प्रवेश परीक्षामा सम्मिलित भई बिभिन्न कार्यक्रमहरुमा छनौट भई भर्ना नलिएका रिक्त सिट र कोटामा सोही कार्यक्रमको बैकल्पिक सुचीमा रहेका परीक्षार्थीहरु मध्ये योग्यताक्रम अनुसार भर्ना गर्नु पर्ने प्रावधान भए बमोजिम मिति २०७६।०५।२७ गतेको सूचना बमोजिम भर्नाको लागि निवेदन माग गरे बमोजिम प्राप्त निवेदनको आधारमा योग्यताक्रम अनुसार शिक्षण संस्था प्राथमिकीकरणको आधारमा भर्नाको लागि सिफारिश गरिएकोले ७ (सात) दिन भित्र (२०७६।६।१३ गतेसम्म) आफु सिफारिश भएको संस्थामा सक्कल प्रमाण–पत्र, प्रवेश पत्र सहित भर्ना हुन यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ। सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानि तोकिएको समयावधिभित्र परीक्षार्थीको सक्कल प्रमाण–पत्र रुजु गरी भर्ना गर्नुको साथै भर्ना हुन बांकी रहेको खण्डमा रिक्त सिटको बिवरण भर्ना सकिएको भोलीपल्ट प्रदेश कार्यालयमा लिखित जानकारी गराउनु हुन समेत सम्बन्धित संस्थाहरुमा जानकारीको लागि अनुरोध छ। सिफारिश भएका परीक्षार्थीहरुको बिवरण परिषद् एवं परिषद् प्रदेश कार्यालयको वेभसाईटमा हेर्नु हुन समेत जानकारी गराईन्छ।

**पुनश्चः** Diploma in Food & Dairy मा ३, Diploma in Dental मा १, Diploma in Agriculture (Plant Science) मा १ र Diploma in Hotel Management मा १ वटा सिट रिक्त रहेकोले अध्ययन गर्न इच्छुक परीक्षार्थीले मिति २०७६।६।१३ गते भित्र रितपूर्वक निवेदन दिनु हुन अनुरोध छ।

**यो सुचना CTEVT को website. www.ctevt.org.np र प्रदेश कार्यालयको website.www.ctevtp2.org.np मा समेत हेर्न सकिने छ।**

**निर्देशक**